# माध्यमिक शिक्षा परीक्षा

## (Secondary Education Examinations - SEE)

## अनिवार्य सामाजिक अध्ययन

**समय : २:१५** **पूर्णाङ्क : ७५**

### समूह क (Group A)

***तलका प्रश्नहरुको अति छोटो उत्तर दिनुहोस् (Very short answer questions)*** ७X १= ७

१) संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकलाई परिभाषित गनुहोस। Define federal democratic republican state.

२) नेपालमा संचालित विकास आयोजनाहरु पूर्वनिर्धारित समयमा सम्पन्न गर्न के गर्नुपर्ला ? आफ्नो धारणा दुई बुँदामा लेख्नुहोस् । What should be done to complete ongoing projects of Nepal in pre-determined time frame? Write your views in two points.

३) विश्ववन्धुत्वले विश्व शान्ति स्थापनामा कसरी महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ? एक वाक्यमा व्यक्त गर्नुहोस् । How does universal brotherhood play a significant role to set up peace in the world? Express in a sentence.

४) अन्तराष्ट्रिय नेपाल फेलोसिपले नेपालमा गरिरहेको कुनै दुई कार्यहरु लेख्नुहोस्। Mention any two works of International Nepal Fellowship carrying out in Nepal.

५) शसस्त्र क्रान्ति र जनआन्दोलन बीचका कुनै एक फरक लेख्नुहोस्
Write any one difference between armed revolution and mass movement.

६) तपाईको स्थानिय तहमा उपलब्ध जलश्रोतलाई सदुपयोग गर्न सकिने कुनै दुई उपायहरु के के हुन सक्छन्? लेख्नुहोस्।
What can be the two ways to utilize the water resources available in your local level? Write.

७) परमाणु उर्जा भनेको के हो ? What is meant by atomic power?

### समूह 'ख' (Group B)

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस्। (Give short answer of the following questions)** १०X ४=४०

८) नेपालमा मानव संसाधन विकासको अवस्थालाई सुधार गर्नु किन अपरिहार्य छ ? कारण लेख्नुहोस् । Why is it essential to improve the condition of human resource development in Nepal? Give reasons.

९) स्थानीय योजना तर्जुमा प्रकृयाबारे छोटकरीमा लेख्नुहोस् । Write in short about the local plan formulation process.

१०) स्थानिय लोकवाजा तथा लोक नृत्य संरक्षणमा तपाईले आफ्नो क्षेत्रमा के कस्तो भूमिका निर्वाह गरिरहनुभएको छ ? लेख्नुहोस् । What role have you played to conserve local musical instruments and folk dance in your area? Write down.

११) 'दाइजो लिनु र दिनु सामाजिक अपराध हो।' आफ्ना चार तर्क सहित पुष्टि गर्नुहोस्। "Dowry taking and giving are social crimes". Justify it with your four logics.

१२) न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ भन्ने तथ्यलाई दुई साथीविचको संवादमा प्रष्ट पार्नुहोस् । Clarify the fact that judiciary should be free and fair with a dialogue between two friends.

DRAFT

१३) दिइएको तथ्यांकलाई बृत चित्रमा प्रस्तुत गर्नुहोस् । Present the following data in a Pie-chart.

| महाद्विप (Continent) | क्षेत्रफल बर्ग कि.मि=(Area in Sq.Km) |
|---|---|
| एसिया (Asia) | ४४,५७९,००० |
| अफ्रिका (Africa) | ३०,०६५,००० |
| युरोप (Europe) | ९,९३८,००० |
| उत्तर अमेरिका (North America) | २४,२५६,००० |

१४) भूमध्यरेखीय क्षेत्रमा पाइने हावापानी र वनस्पतिको दुई/दुईवटा विशेषताहरु लेख्नुहोस् । Present two features each of climate and vegetation found in the equatorial region.

१५) वि.सं. २०४६ देखि हालसम्मका प्रमुख राजनैतिक घटनाहरु उल्लेख गरी समय-रेखामा प्रस्तुत गर्नुहोस् । Present the major political and historical events from 2046 Bs to the date in a timeline.

१६) बजारमा कुनैपनि बस्तु खरिद गर्न जान लाग्नुभएका अभिभावकलाई के के कुरामा ध्यान दिनुपर्दछ भनी सुझाब दिनुहुन्छ? चार बुंदामा उल्लेख गर्नुहोस् । What suggestions woud you give to a guarding going to buy goods in market? Mention in four points.

१७) विश्वव्यापीकरणका चार वटा सबल पक्षहरु प्रश्तुत गर्नुहोस् ।
Present four strengths of globalization.

## समूह 'ग' (Group C)

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् । Give long answer to the following questions.** ४×७=२८

१८) विश्वका कतिपय राष्ट्रहरुमा भोट अस्विकार गर्ने संवैधानिक प्रावधान पनि छ । यस प्रणालीका सकारात्मक र नकारात्मक पक्षहरु उल्लेख गर्दै एक लेख तयार पार्नुहोस् ।
There is constitutional provision of rejection of vote (NOTA) in some of the countries in world. Prepare an article including the positive and negative aspects of this system.

१९) पृष्ठ भरी नेपालको नक्शा बनाई निम्न तथ्यहरु भर्नुहोस ।
Draw a full page map of Nepal and insert the following facts in it.
सिद्धार्थ राजमार्ग (Siddhartha high way) अपि हिमाल (Api Himal)
अलैंची उत्पादन क्षेत्र (Cardamom Production area) विरगंज (Birgunj)

**अथवा (or)**

दक्षिण अमेरिकाको नक्शा बनाई निम्न लिखित तथ्यहरु भर्नुहोस् ।
Draw a map of South America and insert the following facts there.
भूमध्यरेखा (Equator) अमेजन नदी (Amazon river)
पम्पास (Pampas) पटागोनिया मरुभूमि (Patagonia desert)

२० 'राजनितिमा कुनै पनि शक्ति वा देश स्थायी शत्रु वा मित्र हुदैन ।' भन्ने मान्यतालाई प्रथम तथा द्वितिय विश्वयुद्धको घटना र विवरणको आधारमा प्रमाणित गर्नुहोस् ।
"No Power or nation remains permanent enemy or friend in politics". Prove this believes by stating the events and description of first and Second World War.

२१) विमाको परिचय दिई जीवन विमा र निर्जिवन वीमा बीचका कुनै पांचवटा भिन्नता लेख्नुहोस् । Define insurance and differentiate between life and non-life insurance in five points.

**समाप्त**



DRAFT

# उत्तरकुञ्जिका ( Marking Scheme)

प्रश्न नं. १

राष्ट्र प्रमुख  जननिर्वाचित हुने एवं राष्ट्रलाई प्रान्तहरु वा प्रदेशहरुमा संरचनागत विभाजन गरी प्रजातान्त्रिक शासन व्यवथा भएको मुलुकलाई संघिय लोकतान्त्रिक  गणतन्त्रात्मक मुलुक भनिन्छ भन्ने आशयको जवाफ लेखेमा १ अंक

प्रश्न नं. २

क) राजनैतिक स्थिरता कायम गर्ने

ख) स्वदेशी पुंजीमा आधारित  विकास आयोजनाहरु संचालन गर्नुपर्ने वा यस्टै मिल्ने दुईवटा बुंदामा उत्तर लेखेमा ०.५×२ =    १ अंक

प्रश्न नं.३

विश्व बन्धुत्वले मानिसबिच एक आपसमा भाईचारा र सहअस्तित्वको भावना विकास गर्ने भएकोले भन्ने वा त्यस्तै आसयको उत्तर लेखेमा                                        १ अंक

प्रश्न नं. ४

क) लागु पदार्थ दुर्व्यसनी विरुद्ध जनचेतना विस्तार गरेको

ख) लागु पदार्थ दुर्व्यसनी भएका व्यत्तिहरुलाई पुर्नस्थापना केन्द्रमा लगी बानीमा सुधार गरिदिएर जस्ता दुईवटा बुंदा लेखेमा                                        ०.५×२ =    १ अंक

प्रश्न नं. ५

| शसस्त्र क्रान्ति | जनआन्दोलन |
|---|---|
| १) हातहतियार सहित संचालित सरकार विरुद्धको आन्दोलन | १) शान्तिपूर्ण रुपमा जनता भेला गरि व्यवस्था परिवर्तन गर्न संचालित आन्दोलन, जुलुस |
| २) २००७ र २०५२ साल देखि २०६२/०६३ सम्म संचालित नेपालका आन्दोलनहरु शसस्त्र क्रान्ति हुन। | २०४६ र २०६२।२०६३ मा संचालित आन्दोलनहरु जन आन्दोलनहरु हुन। |

भन्ने जस्ता मिल्ने एकवटा फरक लेखेमा                                        १ अंक

प्रश्न नं. ६

जल विधुत, सिंचाई जस्ता दुई उपयोगका उपायहरु २ बुंदामा लेखेमा        ०.५×२ =    १ अंक

प्रश्न नं. ७

हातहतियार संग सम्बन्धित विस्फोटक पदार्थ उत्पादित उर्जा लाई परमाणु उर्जा भनिन्छ।

प्रश्न नं. ८

निम्न लिखित बुंदा वा त्यस्तै मिल्दो ४ वटा मिल्ने बुंदा लेखेमा                                ४ अंक

क) देशमा दिगो विकास गर्न

ख) बौद्धिक पलायन रोक्न

ग) सिप, क्षमता तथा कार्यकुशलतामा अभिबृद्धि गर्न

घ) मानव संसाधनको गुणस्तरीय व्यवस्थापन गर्न

प्रश्न नं. ९

तल उल्लेख गरिएजस्तै स्थानिय योजना तर्जुमा प्रकृया लेखेमा                        ४ अंक



DRAFT

क) सम्बन्ध स्थापना   ख) अवस्था अध्ययन

ग) समस्याको प्राथमिकीकरण घ) सम्झौता र करार

ङ) अभिलेखिकरण र प्रस्तुति

प्रश्न नं. १०

मैले मेरो क्षेत्रमा निम्न भूमिका जस्तै निर्वाह गरेको छु भनि मिल्दोजुल्दो उत्तर लेखेमा   ४ अंक

क) लोक बाजा र लोकनृत्य सम्बन्धि चेतना अभिबृद्धिमा स्वंमसेवीको भूमिका

ख) लोकबाजा बजाउने तथा लोकनृत्य प्रतियोगितामा सहभागी भएको

ग) स्थानिय तहको प्रशासनलाई ती बस्तुहरुको संरक्षँण गर्न  अनुरोध वा दवाव सिर्जना गरेको

घ) लोकबाजा तथा लोकनृत्य सम्बन्धि संग्राहलय निर्माणमा स्वयंसेवीको भूमिका निर्वाह आदि।

प्रश्न नं. ११

किनकी दाइजोले मानव अधिकार हनन गर्दछ, लैंगिक विभेदलाई बृद्धि गर्दछ, हत्या अपमान तथा हिंसा जस्ता घटनाहरु घटाउंदछ, व्यक्तिलाई आर्थिक रुपमा टाट पल्टाउने तथा मानव बेचविखन निम्त्याउंदछ भनि मिल्ने चार तर्क दिएमा   ४ अंक

प्रश्न नं. १२

संवादको नमूनालाई   १ अंक

प्रस्ट पार्ने तर्कहरु जस्तै  न्यायपालिकाले संविधानको व्याख्या विश्लेषण गरि कार्यान्वयनमा सहयोग गर्ने भएकोले, जनताका मौलिक हक अधिकार संरक्षण गर्ने भएकोले, विधिको शासन देशमा परिपालना गराउन , न्याय सम्पादन गरि दोषिलाई सजाय र निर्दोषलाई न्याय प्रदान गर्नका लागि भनी समाबेश भएको उत्तरलाई ३ अंक

प्रश्न नं. १३

बृत्तचित्रको लागि तथ्यांकलाई डिग्रीमा रुपान्तरण गरेकोलाई   १ अंक

उपयुक्त संकेत सहित तथ्यांकलाई बृत्तचित्रमा प्रस्तुत गरेमा   ३ अंक

प्रश्न नं.१४

भूमध्यरेखीय क्षेत्रमा पाईने हावापानीका विशेषताहरु

क) बर्षैभरि एकैनासको हावापानी पाउने , ऋतु परिवर्तन नहुने

ख) दैनिक मध्यान्ह पानी पर्ने, अत्याधिक गर्मी हुने जस्ता मिल्ने २ वटाको   २ अंक

बनस्पतिका विशेषताहरु

क) अग्ला रुखयुक्त घना जंगल

ख) बर्षैभरि हरियो रहने सदावहार बनस्पति पाईने जस्तै मिल्ने उत्तर लेखेमा   २ अंक

प्रश्न नं. १५

वि.स. २०४६ देखि हालसम्मका प्रमुख कुनै ४ वटा घटनाहरु मितिसहित लेखेमा   १ अंक

ति घटनाहरुलाई उपयुक्त स्केलसहित समयरेखामा प्रस्तुत गरेमा   ३ अंक

प्रश्न नं. १६

निम्न चार बुंदाजस्तै मिल्ने चारवटा सुझाव दिएमा   ४ अंक

क) उत्पादन मिति र उपभोग गर्ने म्याद सकिने मिति उल्लेख भए नभएको

ख)अखाद्य पदार्थ मिसावट भए नभएको एकिन गर्ने।

ग) बस्तुमा गुणस्तर, साइज, रंग आदि उल्लेखित लेवल भए नभएको

घ) बस्तुको मूल्य स्टिकर जांच गर्ने आदि ।

प्रश्न नं. १७

विश्वव्यापीकरणका चारवटा सवल पक्षहरु

क) विश्व एक सानो घर हो भन्ने मान्यता स्थापित हुन्छ।

ख) विश्वमा विकसित सुचना प्रविधि , बस्तु, सेवा पूजिको विस्तार एवं साटासाट गर्दछ।

ग) सांस्कृतिक मूल्यमान्यता र सामाजिकपन एक आपसमा हस्तान्तरण गर्दछ।

घ) विकासन्मूख मुलुकको हरेक पक्षमा पहुंच विस्तार र बृद्धि हुन्छ।

प्रश्न नं.१८

भोट अस्विकार गर्ने प्रावधान र अभ्यासका तल उल्लेखित वा त्यस्तै मिल्दो संभावित तिन सकारात्मक पक्षहरु लेखमा ३ अंक

क) राजनैतिक दल र व्यक्ति जनताप्रति पूर्ण बफादार बनाउंदछ।

ख) मतदातालाई मतदानमा सहभागिता बृद्धि गराउंदछ।

ग) निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सहयोग पुग्दछ।

नकारात्मक पक्ष ४ अंक

क) राजनैतिक दल वा व्यक्तिको राजनैतिक भविष्य खतरामा पर्दछ।

ख) पून निर्वाचन हुने सम्भावना हुन्छ, झन्झट र खर्च बढ्दछ।


ग)मतपत्र निर्माण गर्न कठिन र खर्चिलो हुने।

घ) पूर्ण शिक्षित जनता नभएको नेपाल जस्तो राष्ट्रमा प्रभावकारी हुन नसक्ने।

१९. सामान्य आकार प्रकार मिलाएर नेपालको रेखाङ्कित नक्सा कोरेको ३ अंक

उक्त नक्सामा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भरेको १ अंकका दरले चार अंक गरी जम्मा ७ अंक ।


जस्तै,




अथवा

उत्तर अमेरिका महादेशको सामान्य आकार प्रकार मिलाई नक्सा कोरेको २ अंक र त्यसमा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भरेको १ तथ्यको १ अंकका दरले ४ अंक गरी जम्मा ७ अंक

DRAFT




प्रश्न नं. २०)

सन् १८८२ मा इटाली जर्मनीको नेतृत्वमा बनेको त्रिपक्षिय सन्धी गरि अष्ट्रिया हंगेरी समेतको एउटा गुट निर्माणमा सामेल भएको तर प्रथम विश्वयुद्धमा इटालीले २४ मे १९१५ मा अष्ट्रिया, हंगेरी विरुद्ध युद्धको घोषणा गरेको, यस्तैगरि इटालीले नै २८ अगष्ट १९१६ मा जर्मनी विरुद्ध युद्धको घोषणा गरि त्रिपक्षिय सन्धि गर्दाको परम्मित्र शत्रु राष्ट्रको रुपमा स्थापित भएको ।

यस्तै दोस्रो विश्वयुद्धको पूर्व सन्ध्यामा जापान धुरी राष्ट्रको एक सदस्यको रुपमा सामेलभएको थियो तर प्रथम विश्व युद्धमा जापान मित्रराष्ट्रको पक्षमा थियो। त्यसैगरि प्रथम विश्वयुद्धमा इटालीले जर्मनीमाथि आक्रमण गरेको थियो। तर द्वितिय विश्वयुद्धमा जर्मनीको सबैभन्दा घनिष्ट मित्रराष्ट्र इटाली हुनपुगेको थियो र द्वितिय विश्वयुद्ध हुनपुगेको थियो ।

बेलायत फ्रान्स र रुस मित्रराष्ट्र समूहका नेतृत्वकर्ता राष्ट्रहरु थिए तर रुसमा स्थापित साम्यवादको कारण रुसको प्रभुत्व अन्य युरोपेली राष्ट्रहरुमा विस्तार भएको कारण भित्र भित्रै फ्रान्स र बेलायत लाई इर्ष्या लागेको थियो तसर्थ रुसविरुद्ध जर्मनी लगायतका राष्ट्रहरुले कम्युनिष्ट विरोधि गठबन्धन गर्दा पनि बेलायत र फ्रान्स चुपचाप बसि तुष्टिकरणको निति अवलम्बन गरि एक प्रकारले आफ्नै समूहको सदस्यलाई असहयोग गरेका थिए ।

यस्तै प्रकृतिको उत्तर लेखेमा ७ अंक

प्रश्न नं. २१

बार्षिक वा अर्धबार्षिक रुपमा ११ निश्चित रकम तिरेर भविष्यमा हुनसक्ने हानी नोक्सानी तथा जोखिमको बहन हस्तान्तरण गर्ने दुई पक्षबीच गरिने सम्झौता लाई विमा भनिन्छ। जस्तै आसयको परिचय लेखेमा २ अंक

जीवन विमा र निर्जिबन विमा विचको भिन्नताहरु निम्न लिखित जस्तै लेखेमा ५ अंक

| **जीवन विमा** | **निर्जिवन विमा** |
| --- | --- |
| १) जीवन वीमा मानिस वा व्यक्तिको वा समूहको मात्र | १) बस्तु वा जनावर प्राणीको वीमा निर्जिवन विमा |

DRAFT

| | |
|---|---|
| हुन्छ। | हो। |
| २) जीवन विमामा प्रिमियम तिरीने अबधि समस्त भएपछि संकलित रकमको भुक्तानी व्यक्ति आफैले प्राप्त गर्दछ। | २) यो एक प्रकारको सुरक्षण रकम माग हो अवधि सकिएपछि संकलित रकमको भक्तानी हुंदैन। |
| ३) जीवन वीमाको अबधि व्यक्तिको उमेर अनुसार लामो अबधिको हुन्छ। | ३) निर्जिवन विमा प्रायशः एक बर्षको हुन्छ अर्को बर्षको हुन्छ अर्को बर्षको लागि नविकरण गर्नुपर्दछ। |
| ४) बीमा रकमको मात्रा बढी हुन्छ। | ४) बीमा रकमको मात्रा कम हुन्छ |
| ५) नेपालमा हाल नौ वटा जीवन बिमा संचालन गर्ने संस्थाहरु रहेका छन्। | ५) नेपालमा हाल १६ वटा निर्जीवन विमा संचालन गर्ने संस्था रहेका छन्। |

**समाप्त**

DRAFT